# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
२०७३

पत्र संख्याः- ०७७/७८ गण्डकी प्रदेश, नेपाल

च.नं.:- १६८० मितिः २०७८/०२/२३

**विषयः- सम्झौताका लागि पठाउने सम्बन्धमा।**

**श्री वडा कार्यालय वडा नं २, ५, ६ र ८**

**रघुगंगा गाउँपालिका, म्याग्दी ।**

प्रस्तुत विषयमा मनसुनजन्य विपद्बाट क्षतिग्रस्त घरहरु पुननिर्माणका लागि यस गाउँपालिकाको मिति २०७७।०६।१८ को विपद् व्यवस्थापन समितिको बैठकबाट १७ जना व्यक्तिहरुको घर पूर्ण रुपमा क्षति भएको निर्णय गरी यस कार्यालयको च.नं ३५८ मिति २०७७/०६/१८ को पत्रबाट जिल्ला प्रशासन कार्यालयमा पठाइएको थियो। मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि २०७७ बमोजिम पुनर्निर्माणका लागि मोवाइल एप्लिकेशन मार्फत संकलन गरिएको विवरणका आधारमा मिति २०७८।०२।१६ को विपद् व्यवस्थापन समितिको वैठकबाट निर्णय भए बमोजिम पूर्ण क्षति भएका १२ जना व्यक्तिहरुको विवरण च. नं १७६५ मिति २०७८।०२।२१ को पत्रबाट जिल्ला प्रशासन कार्यालयमा पठाइएको थियो। उक्त १२ जना लाभग्राहीहरु मध्ये मिति २०७७।०७।१६ को जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयबाट पहिचान भएका तपसिल बमोजिमका ९ जना लाभग्राहीहरूलाई मात्र छनौट गरि सम्झौता गर्ने प्रयोजनका लागि जिल्ला प्रशासन कार्यालयको च नं ४४३० मिति २०७८।०२।२३ को पत्रबाट लेखिआएकोले सम्बन्धित व्यक्तिहरुलाई देहायको व्यहोरा जानकारी गराई सम्झौताका लागि सिफारिस सहित गाउँ कार्यपालिकाको कार्यालयमा पठाइदिनुहुन अनुरोध छ।

१) कार्यविधिको दफा ६ उपदफा १ख१ बमोजिम पहिलो किस्ता वापत हुन आउने रकम रु ५०,०००/- सोही कार्यविधिको दफा ५ (३) बमोजिम गाउँपालिकाले उपलब्ध गराउनेछ।

२) कार्यविधिको दफा ६ को उपदफा २क बमोजिम अस्थायी आवास निर्माण गर्ने प्रयोजनका लागि गाउँपालिकाको योगदान स्वरुप रु ५०००/- का दरले जिल्ला प्रशासन कार्यालयको विविध कोष खातामा जम्मा हुनेछ।

३) बैंक खाता खोल्दा चाहिने आवश्यक कागजात सहित मिति २०७८।०२।२८ भित्र आउनुपर्नेछ ।

| क्र.स. | नामथर | ठेगाना | क्षति भएको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | अभिनास सिलाधर | रघुगंगा-२, धुपीचौर | २०७७।०३।०६ | |
| २ | शेर बहादुर सिलाधर | रघुगंगा-२, धुपीचौर | २०७७।०३।०६ | |
| ३ | किनामती थजाली | रघुगंगा-५, थजाली गाउँ | २०७७।०५।०९ | |
| ४ | निर्मला गर्बुजा | रघुगंगा-५, लुकरूङ | २०७७।०६।०२ | |
| ५ | दिल बहादुर पुन | रघुगंगा-६, कमानत | २०७७।०५।०२ | |
| ६ | मन बहादुर छन्त्याल | रघुगंगा-८, दुवाडी | २०७७।०३।२७ | |
| ७ | भक्ती प्रसाद छन्त्याल | रघुगंगा-८, छहरी | २०७७।०४।०५ | |
| ८ | पृथीराज पुन | रघुगंगा-८, पात्लेखर्क | २०७७।०४।०४ | |
| ९ | धन बहादुर पुन | रघुगंगा-८, पात्लेखर्क | २०७७।०४।०४ | |

बोधार्थः वडा कार्यालय १, ३, ४ र ७ (जानकारीको लागि)

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
म्याग्दी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

प.स.:- ०७७/७८
च.नं. :- 4420

मिति२०७८/२/२३

**विषय : गत मनसुनमा क्षती भएका निजी आवास पुननिर्माणका लागि सम्झौता गरी/गराई पुननिर्माण गराउने सम्बन्धमा।**

श्री रघुगंगा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, म्याग्दी ।

उपरोक्त सम्बन्धमा त्यस कार्यालयको प.स २०७७।०७८ च.न.१७६५ मिति २०७८।२।२१ को पत्र प्राप्त भइ ब्यहोरा अवगत भयो । तत् सम्बन्धमा उक्त पत्रमा उलेखित मनसुनजन्य विपदबाट पुर्ण घर क्षति भएका १२ जना लाभग्राहीहरु मध्ये गत २०७७।७।१६ को जिल्ला विपद ब्यबस्थापन समितिको निर्णयवाट पहिचान भएका तपशिल बमोजिमका ९ जना लाभग्राहीहरुसंग मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि,२०७७ बमोजिम निजी आवास पुनर्निर्माण गर्ने सम्झौता गरी गराई निजहरुको बैंक खातामा उक्त कार्यविधिको दफा ६ उपदफा १ ख(१) बमोजिम पहिलो किस्ता वापत रु ५०,०००। (पच्चास हजार मात्र) उक्त कार्यविधिको दफा ५(३) बमोजिम तहाँ गाउँपालिका तर्फको योगदान स्वरुप यथाशीघ्र जम्मा गराई सोको बैंक स्टेटमेण्ट, सम्झौताको सक्कल प्रति र सम्बन्धित अन्य कागजातहरु यथाशीघ्र उपलब्ध गराईदिनु हुन अनुरोध छ ।

साथै कार्यविधिको दफा ५ (३) बमोजिम दफा ६ (२) क बमोजिम अस्थायी आवास निर्माणका लागि तहाँ गाउँपालिकाको योगदान स्वरुपको प्रतिघर रु ५,०००।( पाँच हजार मात्र) दरले हुन आउने रकम यथाशीघ्र यस कार्यालयको विविध खाता नं. ०६३०१०००००२००६००००१ मा उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

तपशिल :

| क्र.सं. | स्थानीय तहको नाम | वडा नं. | पिडितको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | रघुगंगा गा.पा. | २, धुपीचौर | अभिनास सिलाधर | |
| २. | रघुगंगा गा.पा. | २, धुपीचौर | शेर बहादुर सिलाधर | |
| ३. | रघुगंगा गा.पा. | ५, थजाली गाउँ | किनामती थजाली | |
| ४. | रघुगंगा गा.पा. | ५, लुकरूङ | निर्मला गर्बुजा | |
| ५. | रघुगंगा गा.पा. | ६, कोटगाउँ | दिल बहादुर पुन | |
| ६. | रघुगंगा गा.पा. | ८, दुवाडी | मन बहादुर छन्त्याल | |
| ७. | रघुगंगा गा.पा. | ८, छहरी | भक्ती प्रसाद छन्त्याल | |
| ८. | रघुगंगा गा.पा. | ८, पाल्लेखर्क | पृथीराज पुन | |
| ९. | रघुगंगा गा.पा. | ८, पाल्लेखर्क | धन बहादुर पुन | |
| १०. | | | | |

श्री प्रशासन
सम्बन्धित ब्यक्तिहरुलाई जानकारी दिने गरी वडा कार्यालयमा पत्राचार गर्ने ।

२०७८/०२/२३

गणेश बहादुर अधिकारी
प्रमुख जिल्ला अधिकारी

रघुगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नम्बर: ३८०७
मिति: २०७८/०२/२३